18 जुलाई 2024

National News

<u>मुख्य समाचार</u>

- न्यायमूर्ति Nongmeikam Kotiswar singh र न्यायमूर्ति आर महादेवनले आज सर्वोच्च अदालतको न्यायाधीशको रूपमा लिनुभयो सपथ
- राष्ट्रपति श्रीमती मुर्मुको भाषणको संकलनमा आधारित पुस्तक "wings to our hope -volume -1" को आज राष्ट्रपति भवन परिसरमा भयो विमोचन।
- गृहमन्त्री श्री अमित शाह नयाँ दिल्लीमा नार्को समन्वय केन्द्रको उच्चस्तरीय बैठकको अध्यक्षता गर्नुहुँदै
- प्रधानन्यायाधीशको नेतृत्वमा सर्वोच्च अदालतको बेन्चले आज NEET परिक्षाको सञ्चालनमा कथित अनियमितता सम्बन्धी 40 भन्दा बढी गर्यो याचिकाहरूको सुनुवाइ
- तेलंगाना सरकारले किसानहरूको बाली ऋण माफीको लागि 6 हजार करोड भन्दा बढी रकम गर्यो जारी
- चण्डीगढ–डिब्रुगढ एक्सप्रेस दुर्घटना पर्दा 2 को मृत्यु 20 घाईते भएको खबर अहिलेसम्म पुष्टि

<u>न्यायमूर्ति Nongmeikam Kotiswar Singh र न्यायमूर्ति आर महादेवनले आज सर्वोच्च अदालतको न्यायाधीशको रूपमा लिनुभयो सपथ</u>

न्यायमूर्ति Nongmeikam Kotiswar singh र न्यायमूर्ति आर महादेवनले आज सर्वोच्च अदालतको न्यायाधीशको रूपमा सपथ लिनुभएको छ। भारतका प्रधानन्यायाधीश डीवाई चन्द्रचुडले दुवै न्यायाधीशलाई सपथ गराउनु भएको हो। यसअघि न्यायमूर्ति Nongmeikapam Kotiswar सिंह जम्मु कश्मीर र लद्दाख हाईकोर्टको मुख्य न्यायाधीश हुनुहुन्थयो भने जस्टिस आर महादेवन मद्रास हाई कोर्टको न्यायाधीश हुनुहुन्थ्यो।

राष्ट्रपति श्रीमती मुर्मुको भाषणको संकलनमा आधारित पुस्तक "wings to our hope - volume -1" को आज राष्ट्रपति भवन परिसरमा भयो विमोचन।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको भाषणको संकलनमा आधारित पुस्तक "wings to our hope -volume -1" को आज राष्ट्रपति भवन परिसरमा विमोचन गरिएको छ। केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री श्री शिवराज सिंह चौहानले सूचना तथा प्रसारण राज्यमन्त्री डा एल. मुरुगनको उपस्थितिमा पुस्तकको ई-संस्करण सहित अंग्रेजी र हिन्दी संस्करणहरू विमोचन गरियो। सो अवसरमा 'कहानी राष्ट्रपति भवन की' र 'राष्ट्रपति भवन : हेरिटेज मिट्स द प्रेजेन्ट' नामक पुस्तकको पनि विमोचन गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै श्री चौहानले भन्नुभयो राष्ट्रपतिले आफ्नो सम्पूर्ण जीवन समाजका विशेष गरी विपन्न वर्गको हितमा समर्पित गरेको बताउनु भयो। उहाले यी पुस्तकहरूको विमोचनले राष्ट्रपति र राष्ट्रपति भवनसँगको आमजनताको सम्बन्ध थप प्रगाढ हुनेमा जोड दिनुभयो । पुस्तकको महत्वमाथि प्रकाश पार्दै श्री चौहानले यस पुस्तकले हामीलाई प्रेरणा दिने र लोकतन्त्र र समाजको आचारसंहिता झल्काउने बहुमूल्य जानकारी प्रदान गर्ने बताउन भयो।कार्यक्रममा सूचना तथा प्रसारण राज्यमन्त्री डा. मुरुगनले पुस्तकहरूको विशेषता माथि प्रकाश पार्दै यी पुस्तकहरू भविष्यका पुस्ताहरूका लागि मूल्यवान रहेको र प्रामाणिक कागजातहरूको रूपमा यी पुस्तकहरू रहने उहाँले बताउनुभयो। उनले 'कहानी राष्ट्रपति भवन की'ले पुस्तक राष्ट्रपति भवनको अद्वितीय वास्तुकला र समृद्ध सम्पदा झल्काउने चित्रमय प्रस्तुति भएको उल्लेख गर्नुभयो।

गृहमन्त्री श्री अमित शाह नयाँ दिल्लीमा नार्को समन्वय केन्द्रको उच्चस्तरीय बैठकको अध्यक्षता गर्नुहुँदै

गृहमन्त्री श्री अमित शाहले नयाँ दिल्लीमा नार्को समन्वय केन्द्रको उच्चस्तरीय बैठकको अध्यक्षता गर्नुभयो । बैठकको उद्देश्य केन्द्र र राज्य सरकारका निकायसँग समन्वय गरी दैशमा हुने लागुऔषध ओसारपसार र दुरुपयोगलाई नियन्त्रण गर्नु रहेको छ । गृह मन्त्रालयले लागुऔषध तस्करी नियन्त्रण गर्न सरकारले शून्य सहनशीलताको नीति अपनाएको जनाएको छ। बैठकमा सरकारले तीनबुँदे रणनीतिमार्फत सन् 2047 सम्म देशलाई लागुऔषधमुक्त बनाउने लक्ष्य राखेको बताइएको छ । यी कार्यक्रमहरूमा - संस्थागत संरचना सुदृढ गर्ने, लागुऔषध नियन्त्रणका सबै निकायहरूसँग समन्वय बढाउने र जनचेतनामूलक अभियानहरू सञ्चालन गर्ने जस्ता विषय शामिल छन्।

प्रधानन्यायाधीशको नेतृत्वमा सर्वोच्च अदालतको बेन्चले आज NEET परिक्षाको सञ्चालनमा कथित अनियमितता सम्बन्धी 40 भन्दा बढी गर्यो याचिकाहरूको सुनुवाइ

सर्वोच्च अदालतले NEET परीक्षाको पुन: परीक्षा ठोस स्तरमा गरिनु पर्ने र यसले सम्पूर्ण परीक्षाको निष्पक्षतालाई असर गर्ने बताएको छ। प्रधानन्यायाधीश डीवाई चन्द्रचुडको नेतृत्वमा सर्वोच्च अदालतको बेन्चले आज NEET-UG 2024 मेडिकल प्रवेश परीक्षाको सञ्चालनमा कथित अनियमितता सम्बन्धी 40 भन्दा बढी याचिकाहरूको सुनुवाइ सुरु गर्यो। चलिरहेको अनुसन्धानका विषयमा बेन्चले केन्द्रीय अनुसन्धान ब्यूरो–सिआइबीको अनुसन्धान जारी रहेको जनाएको छ ।

मुख्य न्यायाधीश डीवाई चन्द्रचुड र न्यायमूर्ति जेडी परदीवाला र श्री मनोज मिश्रको बेन्चले NEET-UG 2024 को विवादास्पद मेडिकल प्रवेश परीक्षा सम्बन्धी याचिकाहरूमा सुनुवाईको प्रकिया सुरु गरेको छ।

तेलंगाना सरकारले किसानहरूको बाली ऋण माफीको लागि 6 हजार करोड भन्दा बढी रकम गर्यो जारी

तेलंगाना सरकारले किसानहरूको लागि बाली ऋण माफीको लागि 6 हजार करोड भन्दा बढी रकम जारी गरेको छ। मुख्यमन्त्री श्री ए रेवान्थ रेड्डीले हैदराबादमा 1 लाख रुपैयाँसम्मको बाली ऋण माफीको पहिलो चरणको औपचारिक शुभारम्भ गर्नुभएको छ । बाली ऋण माफीको पहिलो चरणमा 11 लाखभन्दा बढी किसान लाभान्वित हुनेछन्। बैंकर्सलाई दोश्रो चरणको बाली ऋण माफी यसै महिना सम्पन्न हुने जानकारी दिनुभएको छ। जसमा 1.5 लाख रुपैयाँसम्मको ऋण समावेश छ । दुई लाखसम्मको ऋण माफी आगामी महिनाको अन्त्यसम्ममा सम्पन्न हुनेछ । यस पहलबाट 40 लाखभन्दा बढी किसान लाभान्वित हुने अपेक्षा गरिएको छ ।

चण्डीगढ–डिब्रुगढ एक्सप्रेस दुर्घटना पर्दा 2 को मृत्यु 20 घाईते भएको खबर अहिलेसम्म पुष्टि

उत्तर प्रदेशको गोंडा जिल्लामा आज दिउँसो भएको रेल दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने 20 भन्दा अघिक घाइते भएका छन् । चण्डीगढ–डिब्रुगढ एक्सप्रेसको रेल नम्बर 15904 को छ डिब्बा गोंडा-गोरखपुर मार्गको मानकापुर स्टेशन नजिकै लिगबाट झरेका छन् । गोण्डा–गोरखपुर सडकको मानकापुर खण्डमा पर्ने झिलाही हल नजिकै दुर्घटना भएको हो । रेलवे र जिल्ला प्रशासनका उच्च अधिकारी घटनास्थल पुगेका छन् । राष्ट्रिय प्रकोप उद्धार बल र राज्य प्रकोप उद्धार बलको टोली पनि पुगेको छ र राहत र उद्धार कार्य जारी छ। दुर्घटनाका कारण लखनउदेखि गुवाहाटीसम्मको मुख्य रेल मार्ग अवरुद्ध भएको छ । धेरै रेलहरू डाइभर्ट गरिएका छन् र केही रद्द पनि गरिएका छन्। रेलवेले हेल्पलाइन नम्बरहरू जारी गरेको छ भने नम्बरहरू लखनऊको लागि 8957409292 र गोंडाको लागि 8957400965 रहेको छ।

मुख्यमन्त्री योगी आदित्यनाथले अधिकारीहरूलाई राहत र उद्धार कार्यलाई तीव्रता दिन निर्देशन दिनुभएको छ।

<u>12 औं शताब्दीको श्री जगन्नाथ मन्दिरको पवित्र रत्न भण्डारलाई 39 वर्षपछि गत आइतबार खोलियो</u>

ओडिशाको पुरीमा रहेको 12 औं शताब्दीको श्री जगन्नाथ मन्दिरको पवित्र रत्न भण्डारलाई एक हप्तामा दोस्रो पटक अस्थायी स्ट्रङ्ग कोठामा सारिन आज बिहान खोलिएको छ। भगवान जगन्नाथ, बलभद्र र देवी सुभद्राको पूजा गरेपछि, ओडिशा सरकारले गठित 11 सदस्यीय समितिले आज बिहान रत्न भण्डार खोल्यो। रत्न भण्डारको भित्री कक्षमा राखिएका सबै रत्न र अन्य बहुमूल्य सामान आज साँझ सारियो । यस रत्न भण्डारणको बाहिरी कक्षमा राखिएका गरगहना तथा अन्य बहुमूल्य सामान 39 वर्षपछि स्ट्रङ्ग रुममा सार्ने गत आइतबार खोलिएको हो । पुरीका राजा गजपति महाराज दिव्या सिंह देब पनि रत्न भण्डारमा गहना हस्तान्तरणको निरीक्षण गर्न उपस्थित हुनुभएको थियो । श्री जगन्नाथ मन्दिर प्रशासनले आज बिहान 8 बजेदेखि भक्तजनलाई प्रवेशमा रोक लगाएको छ ।